# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल / अनामनगर, काठमाण्डौं, नेपाल

Babarmahal / Anamnagar, Kathmandu, Nepal


पत्र सङ्ख्याः २०८०।८१

च.नं. ४३

मितिः २०८०।१०।५

## प्रेश विज्ञप्ति




आज मिति २०८० माघ ५ गते यस कार्यालयमा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूसमक्ष USAID का, Ms. Shannon Green, Assistant to the Administrator, Mr. Filip Jotevski, Special Advisor & Assistant, Ms. Sepideh Keyvanshad, Mission Director, USAID/Nepal, लगायतको टोलीले शिष्टाचार भेट गर्नु भयो। सो अवसरमा उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी उपमहालेखापरीक्षक श्री विन्दु विष्ट, उपमहालेखापरीक्षक श्री पदमराज पौडेल कार्यालयका नायव महालेखापरीक्षक एवं व्यवस्थापन निर्देशनालयका निर्देशक लगायत कर्मचारीको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा उपमहालेखापरीक्षक श्री पदमराज पौडेलले सहजिकरण गर्नु भएको थियो भने उपमहालेखापरीक श्री बामदेव शर्मा अधिकारीले स्वागत मन्तव्य राख्दै USAID बाट भएको सहयोग कार्यक्रमको प्रगति स्थितिको समिक्षा गर्दै आगामी कार्ययोजना प्रस्तुत गर्नु भएको थियो।

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले प्रतिनिधी मण्डललाई कार्यालयमा स्वागत गर्नु भयो । वहाँले विकास साँझेदार र कार्यालयको साझा मूल्य र लक्ष्यबाट नै वित्तीय जवाफदेहिताको प्रभावकारी कार्यान्वयन भई अनुभुती गर्न सकिने सकारात्मक परिवर्तन


Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328

email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np

आउने विचार व्यक्त गर्दै सर्वोच्च लेखापरीक्षण संस्थाको संस्थागत तथा क्षमता अभिबृद्विका लागी USAID को प्राबिधिक सहयोग परिचालन हुने धारणा व्यक्त गर्नु भयो ।

कार्यक्रममा USAID का Ms. Shannon Green, Assistant to the Administrator ले नेपाल र अमेरिकी सरकारको ऐतिहासिक सहकार्य अझ प्रगाढ हुदै गएको, भष्टाचार नियन्त्रण गर्ने निकाय वीचको सहकार्य र पारस्परिक सम्बन्धले जिम्मेवारिता र जवाफदेहिता प्रवर्द्धन हुने तथा एक आपसी विश्वास, सदाचारिता अभिबृद्वि गर्न सर्वोच्च लेखापरीक्षण संस्थाको भुमिका महत्वपूर्ण रहेको विचार व्यक्त गर्नु भयो।



(वैकुण्ठ बहादुर अधिकारी)
नायव महालेखापरीक्षक/प्रवक्ता